# सूचनाको अधिकार ऐन 2005

भारत सरकारले 2005 सनमा सूचनाको ऐन 2005 पारित गरेको छ। यस ऐनले जम्मु–काश्मिरलाई छोडेर सम्पूर्ण भारतवर्षलाई समेटेको छ। यस ऐनको माध्यमबाट कुनै पनि सरकारी अथवा गैर–सरकारी संस्थाबाट जानकारी प्राप्त गर्न सकिन्छ।

**जानकारी ( सूचना ) भनेको के हो ?**

जानकारी भन्नाले कागजपत्र, दलिल, स्मारक, ई–मेल, जनमत, परामर्श, प्रेस विज्ञप्ति, सूचना, निर्देश, लगबुक, संधि, प्रतिवेदन, नमुना वा कुनै पनि इलेक्ट्रोनिक माध्यममा राखिएका जानकारी बुझिन्छ।

**सूचनाको अधिकारको अर्थ के हो ?**

* कामकाज, दलिल, दस्तावेजको जाँच गर्न पाउनु।
* दलिल वा दस्तावेजका रिपोर्ट वा सत्यापित प्रतिलिपि प्राप्त गर्नु।
* प्रिन्टआउट, डिस्क, क्यासेटका रूपमा रहेका जानकारी कुनै पनि इलेक्ट्रोनिक माध्यम वा प्रिण्टआउटद्वारा प्राप्त गर्नु।

**कुन–कुन जानकारी प्रकाशित गर्न मिल्दैन ?**

* जुन जानकारी सार्वजनिक गर्दा भारतको सार्वभौमिकता र अखण्डता, राष्ट्रको सुरक्षा, सामरिक रणनीति, राष्ट्रको वैज्ञानिक वा आर्थिक स्वार्थ, परराष्ट्रसँगको सम्बन्ध आदिमा प्रभाव पर्ने अथवा अपराध गर्नका लागि प्रेरणा मिल्न सक्छ।
* जुन जानकारी सार्वजनिक गर्दा संसद वा राज्य विधानसभाको विशेषाधिकार भङ्ग हुनसक्छ।
* अपराधीविरूद्ध चलिरहेको छानबिन, पक्राउ पार्ने वा मुद्दा चलाउने प्रक्रियामा बाधा सिर्जना हुनसक्ने जानकारी।
* मन्त्री परिषद, सचिव र अन्य अधिकारीवर्गबीच भएका छलफलका दस्तावेजलगायत केबिनेटका दस्तावेजहरू।

**जानकारी कसरी माग्ने ?**

* प्रत्येक सरकारी वा अर्धसरकारी कार्यालयमा एकजना सूचना अधिकारी वा सहायक सूचना अधिकारी रहन्छन्। सूचना अधिकारी वा सहायक सूचना अधिकारीलाई सम्बोधन गरेर आवेदन दिनुपर्छ।




* जुन जानकारी मागिएको छ त्यसको विवरण अङ्ग्रेजी, हिन्दी अथवा सम्बन्धित राज्यको राज्यभाषामा लिखितरूपमा वा इलेक्ट्रोनिक माध्यमद्वारा लोक सूचना अधिकारीसमक्ष आवेदन गर्नुपर्छ।
* जानकारी प्राप्त गर्न फारमको पनि प्रयोग गर्न सकिन्छ।
* आवेदनपत्रसँग दस (10) रूपियाँको शुल्क पनि बुझाउनु पर्छ। (गरीबी रेखामुनिका व्यक्तिले शुल्क तिर्नु पर्दैन।)
* जानकारी माग्नका पछाडिको कारण खुलाउनु पर्दैन।
* जानकारी व्यक्तिगतरूपमा वा हुलाकमार्फत लिन सकिन्छ।

**जानकारी पाउने समयसीमा :**

* आवेदन गरेको 30 दिनभित्र।
* व्यक्तिको जीवन तथा स्वतन्त्रताको क्षेत्रमा 48 दिन।
* जानकारी पाउनका लागि आवेदन सहायक लोक सूचना अधिकारीसमक्ष बुझाइएको छ भने जानकारी प्राप्त गर्ने समयसीमा 2 दिन बढ्ने छ।
* निर्धारित समयसीमा भित्र जानकारी उपलब्ध गराउन नसकेमा, त्यो अस्वीकार भएको बुझ्नु पर्छ।

अस्वीकार हुनुका कारण के के हुन सक्छन् ?

* खुलासा गर्नबाट छुट दिइएका जानकारी भएमा।
* देशबाहिरका कसैको प्रतिलिपि शर्त उल्लंघन हुनसक्ने जानकारी।
* सूचना अधिकारीले 30 दिन भित्र कुनै पनि कारण बिना जानकारी उपलब्ध गराउन नसके दैनिक 250 (दुईसय पचास) रूपियाँ जरिमाना तिर्नुपर्छ। यो जरिमाना 25000 (पच्चीस हजार) रूपियाँसम्म हुनसक्छ।

**जानकारी पर्याप्त नभए के गर्ने ?**

* आवेदकले मागेको जानकारी पाप्त पछि पनि निज त्यसबाट सन्तुष्ट नभएमा मुख्य सूचना आयुक्तको कार्यालयमा अपील गर्न सक्छन्।
* अपील गर्नका लागि कुनै निर्दिष्ट फारम छैन। कुनै पनि अपीलको क्षेत्रमा लोक सूचना अधिकारीले आवेदन अस्वीकार गर्नु तर्कसंगत भएमा त्यो कुरा प्रमाणित गर्नु पर्छ। गलत जानकारी दिएको वा समयमा जानकारी नदिएको प्रमाण पनि आवेदनसंग संलग्न हुनुपर्छ।
* यस विषयसंग सम्बन्धित पक्षहरू जस्तै आवेदक, लोक सूचना अधिकारी र जानकारी दिने विषयमा परामर्श लिइएको व्यक्ति यी सबैको बयान लिए पछि नै निर्णय लिइने छ।




सत्यमेव जयते

**न्याय विभाग**
**विधि तथा न्याय मन्त्रालय, भारत सरकार**

साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**
**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**
**मानव संसाधन विकास मन्त्रालय, भारत सरकार**
website :: www.srcguwahati.in


साक्षर भारत

**कानुनी साक्षरता शृंखला-5**

# सूचनाको अधिकार ऐन 2005

